# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०५) पोखरा, जेठ ५ गते, २०७९ साल (अतिरिक्ताङ्क ७

## भाग २

### गण्डकी प्रदेश सरकार

<u>शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयको सूचना</u>

### गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान नियमावली, २०७९

गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान ऐन, २०७६ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

परिच्छेद– १

<u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यी नियमहरुको नाम “गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान नियमावली, २०७९” रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

"ऐन" भन्नाले गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान ऐन, २०७६ सम्झनु पर्छ ।

परिच्छेद २

## काम कर्तव्य र अधिकार

३. **कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकारः** ऐनको दफा ९ मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश सरकारका प्राथमिकताका क्षेत्रमा अध्ययन तथा अनुसन्धान गर्नका लागि नीतिगत मार्गदर्शन गर्ने,

(ख) प्रतिष्ठानको अध्ययन अनुसन्धान सम्बन्धी आन्तरिक कार्यविधि स्वीकृत गर्ने,

(ग) स्वदेशी विश्व विद्यालय तथा अध्ययन अनुसन्धान गर्ने संघ संस्थासँग समझदारी पत्र (एम.ओ.यु.) गर्न स्वीकृति दिने।

४. **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः** ऐनको दफा १५ मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;-

(क) प्रदेश सरकारको प्राथमिकतामा परेका विषयमा अनुसन्धान प्रस्ताव वा परियोजना तयार गरी स्वीकृतिको लागि परिषदमा पेश गर्ने,

(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा भएका अध्ययन अनुसन्धान र असल अभ्यासहरु खोजी गरी प्रतिष्ठानको कार्यमा आन्तरिकीकरण गर्ने,

(ग) वैज्ञानिक भेला, गोष्ठी, सभा र सम्मेलन आयोजना गर्न वा गराउनको लागि सम्बन्धित निकायहरुबिच समन्वय र सहकार्य गर्ने,

(घ) अनुसन्धान इकाईलाई कार्यक्रम विकासका लागि राय सुझाव दिने र इकाईको कार्य प्रगतिको अनुगमन तथा मुल्याङ्कन गर्ने, गराउने,

(ङ) वैज्ञानिकहरुको रोष्टर तयार गरी अद्यावधिक गर्ने,

(च) प्रतिष्ठानका आदेश तथा निर्णयहरु प्रमाणित गरी सोको अभिलेख राख्ने।

परिच्छेद-२

## अनुसन्धान एकाई

५. **<u>अनुसन्धान एकाई:</u>** (१) प्रतिष्ठानले विज्ञान तथा प्रविधि विषयमा अनुसन्धान गर्नको लागि निश्चित अवधि तोकि आवश्यकता अनुसार बढीमा पाँच सदस्यीय विज्ञ सम्मिलित अनुसन्धान एकाई गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुसन्धान एकाईको सदस्य हुनको लागि मान्यता प्राप्त विश्वविद्यालयबाट विज्ञान वा प्रविधि विषयमा विद्यावारिधि गरी सो सम्बन्धी विषयमा अध्ययन अनुसन्धान कार्यमा कम्तीमा दुई वर्ष अनुभव भएको र सो सम्बन्धी विषयमा अन्तर्राष्ट्रिय समकक्ष सुपरिवेक्षण (peer review) जर्नलमा पछिल्लो पाँच वर्षमा तीनवटा कृतिमा पहिलो लेखक(लिड अथर) वा पत्राचार गर्ने लेखक (करेस्पन्डिंग अथर) भई प्रकाशन गरेको हुनुपर्नेछ।

(३) उपनियम (१) बमोजिमको अनुसन्धान एकाईको लागि आवश्यक प्राविधिक तथा आर्थिक सहयोग प्रदेश सरकारले उपलब्ध गराउनेछ।

(४) उपनियम (१) बमोजिमको अनुसन्धान एकाईले अनुसन्धान गर्दा स्वदेशी वा विदेशी विश्वविद्यालय वा प्राज्ञिक अनुसन्धानात्मक संघसंस्थासँग सहकार्य गर्नुपर्नेछ।

६. **<u>अनुसन्धान एकाइको काम, कर्तव्य र अधिकार:</u>** नियम ५ बमोजिम गठन भएको अनुसन्धान एकाइको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) विज्ञान तथा प्रविधि सम्बन्धी विषयमा अध्ययन तथा अनुसन्धान गर्ने, गराउने,

(ख) प्रतिष्ठानले तोकेबमोजिम आफुले गरेको कार्य प्रगतिको प्रतिवेदन प्रतिष्ठान समक्ष पेश गर्ने,

(ग) सम्बन्धित विषयमा अनुसन्धान प्रस्ताव तयार गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ निकाय (Funding Agency ) मा पेश गर्ने,

(घ) अनुसन्धान सम्बन्धमा प्रतिष्ठानले तोकेका अन्य कार्य गर्ने, गराउने।

## परिच्छेद- ३

## <u>विविध</u>

७. **<u>सिफारिस समिति:</u>** ऐनको दफा १४ उपदफा (१) को खण्ड (घ) को प्रयोजनको लागि मन्त्रालयले देहायको सिफारिस समिति गठन गर्नेछ,-

(क) सचिव, मन्त्रालय -संयोजक

(ख) सिनियर मेडिकल कन्सल्टेन्ट चिकित्सक -सदस्य

(ग) मानसिक रोगको विशेषज्ञ चिकित्सक -सदस्य

८. **<u>सफाइको मौका दिनुपर्ने:</u>** ऐनको दफा १४ को उपदफा (१) को खण्ड (ङ) बमोजिम कार्यकारी निर्देशकलाई पदबाट हटाउनु अघि प्रदेश सरकारले कम्तीमा पन्ध्र दिनको म्याद दिई आफुले गरेको कार्यसम्पादन सम्बन्धमा स्पष्टीकरण पेश गर्ने मौका दिनुपर्नेछ।

९. **<u>अन्य संस्थालाई गाभ्न सकिने:</u>** कार्यकारी परिषद्ले देहायको आधारमा कार्यविधि बनाई विज्ञान तथा प्रविधि सम्बन्धी कुनै संघ संस्थालाई प्रतिष्ठानमा गाभ्न सक्नेछः-

(क) प्रतिष्ठान मूल उद्देश्यमा फरक हुनु नहुने,

(ख) प्रतिष्ठानको काम कारबाहीमा निरन्तरता हुनु पर्ने,

(ग) प्रतिष्ठानमा आवद्ध वैज्ञानिक तथा प्राविधिकहरुको सीप र ज्ञानको अभिवृद्धि तथा उच्चतम उपयोग हुनु पर्ने,

(घ) गाभिने संस्थाको कर्मचारी तथा आर्थिक दायित्व प्रतिष्ठानमा सर्न नहुने।

१०. **<u>प्रतिष्ठानको कोष सञ्चालन:</u>** प्रतिष्ठानको कोष सञ्चालन कार्यकारी निर्देशक वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी र प्रतिष्ठानको लेखा हेर्ने कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ। प्रतिष्ठानको लेखा प्रणाली प्रचलित कानून बमोजिम हुनेछ।

(२) वैदेशिक सहयोगमा सञ्चालन हुने विश्वव्यापी प्रतिस्पर्धाबाट प्राप्त हुने अनुसन्धान आयोजनाको हकमा अनुसन्धान प्रस्ताव (research proposal) मा व्यवस्था भए बमोजिम वा कार्याकारी परिषद्ले स्वीकृत गरेको आर्थिक कार्यसञ्चालन कार्यविधि बमोजिम हुनेछ ।

११. **<u>प्रतिष्ठानको लोगो तथा छाप:</u>** प्रतिष्ठानको लोगो तथा छाप कार्यकारी परिषद्ले निर्धारण गरेबमोजिमको हुनेछ।

आज्ञाले,

देवेन्द्र लामिछाने

प्रदेश सरकारको सचिव

मुद्रकः गण्डकी प्रदेश सरकार, कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय। मूल्य रु.१०।-